२०७५, असार
बिहीबार
२१

तत्कालीन बोडे गाउँ पञ्चायत वडा नं. ६ कित्ता नं. १ को १५ रोपनी ९ आना सार्वजनिक जग्गा २०४२ सालमा व्यक्तिको नाममा दर्ता भई बिक्री वितरण गरेको भन्दै बोडे, नगदेशका बासिन्दाले व्यक्तिको नाममा गएको सो पोखरी सार्वजनिक रुपमै फर्काइनुपर्ने माग राखेका थिए।

# नेपाल



डा. गोविन्द केसी र गंगामायाको जीवन रक्षा गर्न र माइतीघर मण्डला निषेधित क्षेत्र फिर्ता लिन दबाब दिने क्रममा बुधाबर विरोध प्रदर्शन गर्दै नेवि संघका कार्यकर्ता। तस्वीर : अनिल आङदेम्बे/नेस

## आठ बिचौलिया पक्राउ

काठमाडौं, (नेस)

यातायात व्यवस्था कार्यालय मोटरसाइकल शाखा गुर्जुधारामा सेवाग्राहीलाई दु:ख दिने ८ जना बिचौलियालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं चन्द्रागिरि नगरपालिका-८ बस्ने झापा सुरुङ्गा नगरपालिकाका कृष्णप्रसाद थपलिया, अपार रिजाल, कलंकी बस्ने किरण देउला, भक्तपुर इताछें बस्ने गोपालकृष्ण श्रेष्ठ, ललितपुर महानगरपालिका-१३ जावलाखेल बस्ने प्रकाश तण्डुकार, ललितपुर महानगरपालिका-१४ सातदोबाटो बस्ने कञ्चन राई, काठमाडौं रातोपुल बस्ने बाँके कोहलपुरका बालकृष्ण खत्री र ललितपुर इमाडोल बस्ने सिन्धुलीका पवन तामाङ रहेका छन्।

उनीहरूले सेवाग्राहीसँग दश गुणाभन्दा बढी रकम लिएर काम गरिदिने गरेको, सीधै कार्यालयमा जान रोक्ने गरेको भन्ने सेवाग्राहीद्वारा गुनासो आएपछि महानगरीय प्रहरी प्रभाग बलम्बुबाट खटिएको टोलीले सेवाग्राहीलाई जबरजस्ती तानिरहेको र यातायात कार्यालयमा जान अवरोध गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको हो।

## डा. केसीको स्वास्थ्य अवस्था नाजुक

### आफैले गरेको सम्झौता मिच्दै सरकार



भगवती तिमल्सिना, काठमाडौं

पाँच दिनदेखि कर्णालीको कभर्ड हलमा अनशनरत प्राडा गोविन्द केसीको अवस्था नाजुक बन्दै गएको छ। अनशनको दोस्रो दिन रातिदेखि नै छाती दुख्ने, मुटुको चाल कम हुने, पिसाब कम हुने, मासु बाउँडिने समस्या देखापरेको छ।

स्वास्थ्य अवस्था नाजुक हुँदै गएको छ, मनिटर गर्ने कुनै साधन छैन। पानी चुहिने हल, विद्युत् अभावमा अँध्यारो कोठा, चरा र मुसाको बास भएको ठाउँमा लगेर सरकारले अघोषित रूपमा थुनेर राखेको नेपाल चिकित्सक संघ कर्णाली शाखाका उपाध्यक्ष डा. प्रवीण गिरीले आरोप लगाउनुभयो।

चिकित्सक तथा नागरिक समाजका तर्फबाट सरकारलाई पटकपटक लिखित तथा मौखिक आग्रह गर्दा पनि बेवास्ता गरिएका कारण कर्णाली प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्था आकस्मिकबाहेक मंगलबारदेखि ठप्प भएका छन्। डा. केसीलाई जतिसक्दो चाँडो अस्पताल नपुऱ्याए जुनसुकै बेला जे पनि हुन सक्छ र यसको सम्पूर्ण जिम्मेवार सरकार हुनुपर्ने जिकिर उहाँले गर्नुभयो।

सरकारले चिकित्सा शिक्षा र जनस्वास्थ्यलाई नाफाको व्यापार गर्ने र जनताको चिकित्सा शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने संविधान २०७२ ले दिएको अधिकारको समेत बेवास्ता गर्दै जबरजस्ती स्वास्थ्य विधेयक पारित गराउन खोजेको भन्दै डा. केसी आन्दोलित हुँदै आउनुभएको छ।

यता सरकार भने मेडिकल कलेजको सम्बन्धन दिएर छाड्ने अडानका साथ डा. केसीको जीवनमाथि खेलबाड गरिरहेको आरोप लाग्दै आएको छ। डा. केसीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनशन बस्ने तय गरेलगत्तै उहाँलाई त्यस क्षेत्रमा प्रवेशमा समेत रोक लगाइएको थियो।

शनिबार उहाँले उक्त घेराबन्दीभित्रै कर्भड हलमा अनशन शुरू गर्नुभएपछि सुरक्षित स्थानमा सार्नका लागि नेपाल चिकित्सक संघ कर्णाली शाखा, केन्द्र, मानव अधिकारकर्मी, स्वास्थ्यकर्मी, नागरिक समाजलगायतले सरकारको ध्यानाकर्षण गराएको थियो। डा. केसीको अनशनस्थल परिवर्तनका लागि सुरक्षित स्थानको व्यवस्था नहुँदा उहाँको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको उपचारमा संलग्न डा. प्रवीण गिरीले जानकारी दिनुभयो।

ओली सरकारकै पालामा प्रस्तावित मनमोहन मेडिकल कलेजलाई वीर अस्पतालमा गाभ्ने निर्णय गरी मूल्यांकन र नामाकरणसमेत गरिसकेको अवस्थामा अब पुनः त्यसलाई बिउँताउने र अन्य प्रस्तावित तर मापदण्ड पूरा नभएका मेडिकल कलेजलाई राजनीतिक स्वार्थका आधारमा सम्बन्धन दिन लागेको पूर्वस्वास्थ्य मन्त्री तथा सांसद गगनकुमार थापाले आरोप लगाउनुभएको छ।

डा. केसीको मागप्रति ऐक्यबद्धता जनाउँदै चिकित्सा शास्त्र अध्ययन संस्थानले पनि विरोध जनाएको छ। त्यसैगरी बुधबारै स्वास्थ्य विज्ञान प्रतिष्ठान कर्णालीका चिकित्सक, नर्स, कर्मचारी, विद्यार्थी, सर्वसाधारण, नागरिक समाजका अगुवा 'डा. केसीको ज्यान बचाऊँ' भन्ने प्लेकार्डसहित बजार परिक्रमा गरी डा. केसी अनशन बसेको स्थल पुगेर पुनः स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुगी शान्तिपूर्ण धर्ना बसेका छन्।

## प्राकृतिक चिकित्सा पद्धतिलाई बढावा दिन सभामुखको आग्रह

नेपाल समाचारपत्र

काठमाडौं



सभामुख कृष्णबहादुर महराले प्राकृतिक चिकित्सा पद्धतिले स्वस्थ नागरिक निर्माणमा विशेष भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

प्रथम राष्ट्रिय प्राकृतिक चिकित्सा दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख महराले यस्तो बताउनुभएको हो।

'नसर्ने रोगमा प्राकृतिक चिकित्सा' भन्ने मूल नारासहित पहिलोपटक सरकारी तहबाट मनाइएको प्राकृतिक चिकित्सा दिवसलाई शुभकामना दिनुहुँदै सभामुख महराले प्राकृतिक चिकित्सा, योग र आयुर्वेदलाई सँगसँगै अगाडि बढाउन सके उपचार पद्धतिमा ठूलो उपलब्धि हुने बताउनुभयो।

सभामुख महराले प्राकृतिक चिकित्सा पद्धतिलाई विकास गर्न सातवटै प्रदेशमा एक/एकवटा सुविधासम्पन्न प्राकृतिक चिकित्सालय स्थापना गर्न सरकारसँग अनुरोध गर्नुभयो।

प्राकृतिक चिकित्सा पद्धतिको विकास गर्न उचित शिक्षा र उपचार विधि आवश्यक हुने भन्दै सभामुख महराले प्राकृतिक चिकित्सा पद्धतिबारे सबैलाई शिक्षित गर्न अभियन्ताहरूलाई आग्रह गर्नुभयो।

सरकारले प्राकृतिक चिकित्सा विधेयक ल्याएमा कानुन निर्माणका लागि राम्रो हुने भन्दै सभामुख महराले विधेयकका लागि सरकारलाई आग्रह गर्न प्राकृतिक चिकित्साकर्मीहरूलाई सल्लाह दिनुभयो।

यसैबीच दिवसको अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखेललाई सम्मान गरिएको छ।

योग तथा प्राकृतिक चिकित्सक संघले राष्ट्रिय प्राकृतिक चिकित्सा दिवसलाई सरकारी तहबाटै मनाउने व्यवस्था गर्न विशेष पहल गर्नुका साथै प्राकृतिक चिकित्सा पद्धतिको महत्त्वलाई बुझेर उक्त अभियानलाई सहयोग गरेको भन्दै पूर्वस्वास्थ्यमन्त्रीसमेत रहनुभएका पोखेललाई दोसल्ला र अभिनन्दनपत्रसहित सम्मान गरेको हो।

## बोडेको कमलपोखरी सार्वजनिक गरी संरक्षण गर्न अदालतको आदेश

पुष्कर बुढाथोकी, भक्तपुर

जिल्ला अदालत भक्तपुरले मध्यपुरथिमि-८ बोडेस्थित ऐतिहासिक र धार्मिक महत्त्वको पलिस्वाँ पुखुः (कमलपोखरी)लाई सार्वजनिक गरी संरक्षण गर्नुपर्ने फैसला गरेको छ। वादी कान्छा चक्रधर र प्रतिवादी सुर्जेराम श्रेष्ठसमेत भएको फैसला बदर मुद्दामा जिल्ला न्यायाधीश मातृकाप्रसाद मरासिनीको इजलासले यसअघिको फैसला बदर गर्दै कमलपोखरीलाई सार्वजनिक कायम गरी संरक्षण गर्नुपर्ने फैसला गरेको हो।

सो मुद्दामा वादीका तर्फबाट वरिष्ठ अधिवक्ता बाबुराजा जोशी, वरिष्ठ अधिवक्ता दुर्गामोहन श्रेष्ठ, विवेकराज ढुंगेल, देवेन्द्र श्रेष्ठ तथा प्रतिवादीका तर्फबाट अधिवक्ता चन्द्रमणि पौडेलसमेतले बहस गर्नुभएको थियो। पोखरीको धनीपूर्जा खारेज गरी पोखरीलाई सार्वजनिक कायम हुनुपर्ने माग गर्दै दायर मुद्दामा अदालतले प्रमाणको मूल्यांकनका आधारमा व्यक्तिका नाममा दर्ता हुने गरी यसअघि भएको पुरानो फैसला तथा निर्णय बदर गरी सो पोखरी सार्वजनिक हुने फैसला गरेको हो।

सयौं वर्ष अगाडिदेखि सार्वजनिक पोखरीका रूपमा रहेको मध्यपुरथिमि नगरपालिका-८ बोडेको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेको कमल पोखरी जोगाउन माग गर्दै मध्यपुरथिमिका बासिन्दाले पटकपटक भक्तपुर जिल्ला अदालतमा धर्ना दिएका थिए।

भक्तपुर जिल्ला अदालतमा पोखरीको विषयमा बहस भएपछि स्थानीय बासिन्दाले परापूर्वकालदेखि धार्मिक कार्यका लागि प्रयोग हुँदै आएको उक्त पोखरीको अवैध दर्ता एवं किनबेच भएको भन्दै पोखरी सार्वजनिक हुनुपर्ने माग गरेका थिए।

तत्कालीन बोडे गाउँ पञ्चायत वडा नं. ६ कित्ता नं. १ को १५ रोपनी ९ आना सार्वजनिक जग्गा २०४२ सालमा व्यक्तिको नाममा दर्ता भई बिक्री वितरण गरेको भन्दै बोडे, नगदेशका बासिन्दाले व्यक्तिको नाममा गएको सो पोखरी सार्वजनिक रूपमै फर्काइनुपर्ने माग राखेका थिए।

नेपाली कांग्रेसका नेता तथा स्थानीय गणेशमान चक्रधरले भूमाफियाले सार्वजनिक पोखरी नै दर्ता गरेर बिक्री गरेको बताउँदै यसलाई सार्वजनिक पोखरीकै रूपमा फर्काउन स्थानीयले माग गर्दै आएको बताउनुभयो।

अदालतका न्यायाधीश मातृकाप्रसाद मरासिनीको इजलासले कान्छी पोडेनीलाई अदालतमा झिकाउने आदेश दिएको छ। साथै पोखरी वरिपरिको जग्गा कुन लगत भिडाएर दर्ता गरिएको हो त्यसको लगत अदालतमा पेस गर्न आदेश दिएको छ। अदालतको फैसला सुन्न स्थानीय सयौं बोडेबासी अदालत परिसर पुगेका थिए। अदालतलाई सार्वजनिक हितमा फैसला गर्न दबाब दिने उद्देश्यले बोडेबासी अदालत पुगेको समितिका अध्यक्ष चक्रधरले बताउनुभयो।

बोडेको सो ऐतिहासिक पोखरीमा फुल्ने कमलको फूल बोडेकै लायकु दरबारमा रहेको तलेजुलाई चढाउने परम्परा रहेको छ। साथै, सो पोखरीको कमलको फूल नीलबाराही नाचका देवगणलाई समेत चढाउनुपर्ने परम्परा रहेको छ। धार्मिक महत्त्वसमेत बोकेको सो पोखरी २०४२ सालमा कान्छी पोडेनीको नाममा दर्ता भई त्यसयता पटकपटक खरिद बिक्री हुँदै आइरहेको थियो।

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता।
**कर्कट** : राज्य सञ्चालकबाट भय, इज्जत-प्रतिष्ठामा धक्का।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, सम्मान, समस्या समाधान।
**तुला** : द्रव्य लाभ, शत्रु विजय, गौरव, सुख-सन्तोष।
**वृश्चिक** : वायुजन्य रोगको भय, कार्य अधुरो, शोक-सन्ताप।
**धनु** : पेट गडबड, दौडधुप, परिवारमा विवाद, अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मान, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : धननाश, मानसिक चञ्चलता, खर्च, आँखामा समस्या।
**मीन** : खाद्यान्न, उपहारादि वस्तु प्राप्ति, भाग्योदय, कार्य सफल।